जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ८ २०८३ साल साउन ९ गते शनिबार (25 July 2026 Saturday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : गत आवमा वैदेशिक व्यापार... ३ पृष्ठमा : औषधिको मूल्य समायोजन... ३ पृष्ठमा : अमेरिका-इरान तनाव ...

# सप्तरीमा ७२ प्रतिशत धान रोपाई



**दैनिक समाचारदाता**
**राजविराज, ८ साउन ।**
साउनको पहिलो साता सम्ममा सप्तरी जिल्लामा ७२ प्रतिशत खेतमा धान रोपाई भएको छ ।

लगातार वर्षा भईरहँदा जिल्लाका किसान तिव्रगतिमा धानरोपाई गर्न भ्याएपछी हालसम्म जिल्लामा करिब ७२ प्रतिशत क्षेत्रफलमा धान रोपाई भएको कृषिज्ञान केन्द्र सप्तरीले जनाएको छ ।

साउनको दोश्रो साता सम्म खेती योग सबै जमिनमा धान रोपाई भईसक्ने सो कार्यालयले अनुमान गरेको छ ।

जिल्लामा कुल ८१ हजार ६ सय ६८ हेक्टर खेतीयोग्य जमिन रहेकामा हरेक वर्ष करिब ६८ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको कृषिज्ञान केन्द्र सप्तरीका प्रमुख रोशन मेहताले जानकारी दिए । रोपाई राम्रो हुँदा सप्तरीमा धान उत्पादनमा पनि वृद्धि हुने उनको अनुमान छ ।

उनले खेती योग्य ६८ हजार हेक्टर क्षेत्रफल मध्ये साउनको पहिलो साता सम्ममा ४८ हजार नौ सय ६० हेक्टर क्षेत्रफलमा धान रोपाई भईसकेको बताए ।

लगातार भईरहेको वर्षाले खेत रोप्न सहज भएको रुपनी गाउँपालिका १ का रामनारायण यादवले बताए । उनले बर्षा हुँदा जिल्लाको उत्तरी भेगका आकाशे भरमा खेती गर्दै आएका किसानलाई पनि खेती गर्न सहज भएको सुनाए ।

विष्णुपुर गाउँपालिका १ का किसान इन्द्रदेव ठाकुरले वर्षापछि खेतमा पर्याप्त पानी जमेकाले रोपाई गर्न सहज भएको बताए ।

त्यस्तै, रुपनी गाउँपालिका ४ का किसान भगवती प्रसाद साहले जिल्लाको उत्तरी भेगका किसानलाई बर्षाले खेती गर्न निकै सघाएको सुनाए । सप्तरीको दक्षिणी भेगमा नहरको सिंचाई हुँदा धान रोपाई सहज हुँदै आएपनि उत्तरी भेगका किसान आकाशे भरमा खेती गर्दै आएका छन् ।

# गोली चलाएर दुई लागुऔषध कारोबारी पक्राउ

**दैनिक समाचारदाता**
**जनकपुर, ८ साउन ।**
धनुषा प्रहरीले जिल्लाको ढल्केबरमा गोली चलाएर दुई जना लागुऔषध कारोबारीलाई शुक्रबार पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारतीय नागरिकहरू २८ वर्षीय सन्तोष कुमार महतो र ४५ वर्षीय मिथिलेश साहु छन् ।

ढल्केबरबाट जनकपुर जाने सडकमा प्रहरीसँग जम्काभेट भएपछि भाग्न लागेका कारोबारीलाई पक्राउ गर्न एक राउण्ड हवाई फायर गरिएको हो ।

आरोपीहरूको साथबाट प्रहरीले ९५ ग्राम ५९० मिलिग्राम खैरो हेरोइन बरामद गरेको प्रहरीले जनाएको छ ।

# मधेसका अधिकांश जिल्लामा धान रोपाइँ अन्तिम चरणमा

जनकपुरधाम, ८ साउन (रासस) ।
मधेस प्रदेशमा हालसम्म ७८ दशमलव ५९ प्रतिशत रोपाइँ भएको छ । यो तीन लाख हेक्टरभन्दा बढी क्षेत्रमा भएको रोपाइँ हो ।

मधेस प्रदेश कृषि विकास निर्देशनालयका अनुसार साउन ७ गतेसम्म प्रदेशको तीन लाख ५८० हेक्टरमा धान रोपाइँ भएको हो । सबैभन्दा बढी सिरहामा ९४ प्रतिशत र सबैभन्दा कम महोत्तरीमा ५५ रोपाइँ भएको छ । यस वर्ष पर्याप्त वर्षा भएकाले उत्साहका साथ किसान रोपाइँमा जुटेका छन् ।

किसानले यस वर्ष उन्नत जातका धानका बिउ प्रयोग गर्नुका साथै रासायनिक र प्राङ्गारिक मलको व्यवस्थापनमा पनि ध्यान दिएका निर्देशनालयका बागवानी विकास अधिकृत किरण विश्वकर्माले राससलाई बताउनुभयो । यसैबीच, केही स्थानमा सिंचाइ पूर्वाधार र मलको अभाव भएको गुनासो किसानले गरेका छन् ।

# सर्पदंशले एकै दिन चार महिलासहित एक बालक अस्पताल भर्ना



**दैनिक समाचारदाता**
**राजविराज, ८ साउन ।**
गर्मीसंगै केही दिन यता सुरु भएको बर्षाका कारण सर्पदंशका घटनाहरु बढ्दै गएको छ ।

पछिल्लो पटक शुक्रबार एकैदिन सप्तरी जिल्लाको विभिन्न पालिकाका गरी चार महिलासहित एक बालक सर्पदंशबाट सिकिस्त भई उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा भर्ना भएका छन् ।

सर्पदंशबाट सिकिस्त भई उपचारका लागि भर्ना हुनेहरुमा तिलाठी कोईलाडी गाउँपालिका ८ का ९ बर्षीय ध्रुव कुमार साह, राजविराज नगरपालिका ३ की ५५ बर्षीया हजरा खातुन, महदेवा गाउँपालिका ३ की २३ बर्षीया गुलाबदेवी यादव तथा विष्णुपुर गाउँपालिका ५ की ३२ बर्षीया शुशिला देवी मंडल छिन् ।

उनीहरु मध्ये मंडलको अवस्था गम्भिर रहेकाले प्रारम्भिक उपचार पछि थप उपचारका लागि बिराटनगर रेफर गरिएको अस्पतालको आकस्मिक कक्षका सिनियर अहेब सन्तोष दासले जानकारी दिए ।

उनले दैनिक ३ देखि ७ जना सम्म सर्पदंशबाट घाइते भई उपचारका लागि आउने गरेको जानकारी समेत दिए । सर्पदंशको घट्ना बढ्दै गएपछि अस्पतालमा एन्टी स्नेक भेनम औषधी पर्याप्त मात्रामा स्टक राखिएको अस्पताल प्रशासनको भनाई छ ।

अत्यधिक गर्मीका कारण सर्पदंशको मात्र नभई डायरिया, ज्वरो लगायतको रोगबाट पीडित बिरामीको चाप समेत बढेको छ । बिरामीको चाप बढ्दै गएपछि भुईमै थप बेडको व्यवस्था गरी उपचार सेवा प्रदान गरिरहेको स्वास्थ्यकर्मीहरुले बताएका छन् ।

# खुकुरी प्रहारबाट महिलाको हत्या

**दैनिक समाचारदाता**
**रौतहट, ८ साउन ।**
रौतहटको गुजरा नगरपालिका ५ हरिहरपुर टोलमा शुक्रबार बिहान खुकुरी प्रहारबाट एक महिलाको हत्या भएको छ ।

शुक्रबार बिहान स्थानीय चन्देश्वर साह कलवारकी श्रीमती अन्दाजी ४०/४५ वर्षीया रेनुदेवी जयसवालमाथि खुकुरी प्रहार भएको थियो । खुकुरी प्रहारबाट उनको घाँटीमा गम्भीर चोट लाग्दा



घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार बाराको करैयामाई गाउँपालिका ८ इटहर बेलाही टोल स्थायी घर

*बाँकी अन्तिम पृष्ठमा*

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विकासीय कार्यले प्राथमिकता पाउनु भनेको सकारात्मक

सप्तरी जिल्लामा विभिन्न विकासीय कार्यहरुले तिब्रता पाएको छ। दशकौंदेखी नभएका विकासीय कामहरु यसरी अहिले भइरहेकोमा पक्कै पनि यसले जिल्लाको विकासले फड्को मर्ने निश्चित छ। यसमा सबैभन्दा अग्रपंक्तिमा रहेको छ सडकहरु रहेका छन्। त्यस्तै रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, गजेन्द्र नारायण सिंह अस्पताल ठूलो आयोजनामा पर्दछ। यसबाहेक साना तिना भौतिक संरचना निर्माण समेत भइरहेको छ। नगरपालिका स्थापना भएकालदेखी नै नबनेका सडकहरु अहिले निर्माण भइरहेको छ।

यस्तै प्रदेश तथा संघीय सरकारको बजेटबाट पनि सडकहरु निर्माण हुने कार्यले तिब्रता पाएको छ। विगतका वर्षहरुमा ती कार्यले प्राथमिकता नपाएपनि अहिले प्राथमिकताका साथ निर्माण हुनु सकारात्मक हो। जिल्लावासी यस कार्यले खुशी देखिन्छन्। हुन पनि हो विकासी कार्यमा कसैले बाधा उत्पन्न गर्नुहुँदैन्। जे भएपनि जुनसुकै बहानामा विकासीय कार्यले प्राथमिकता पाउनु भनेको सकारात्मक नै मान्नु पर्दछ।

तसर्थ विकास भनेको सबैलाई चाहिन्छ। कुनै पनि स्थानको जबसम्म विकास हुँदैन् तबसम्म त्यस ठाउँको औचित्य रहदैन्। विकास चाहे त्यो स्थानिय, प्रदेश वा संघीय बजेटबाटै किननहोस् जुनसुकै उद्देश्यले विकास भइरहेको छ भने त्यसलाई सकारात्मक रुपमा लिनुपर्छ।

### बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

# गत आवमा वैदेशिक व्यापार १५ दशमलव ८८ प्रतिशतले वृद्धि

काठमाडौँ, ८ साउन (रासस)। आर्थिक वर्ष २०८२/८३ मा मुलुकको वैदेशिक व्यापारको आकार रु २४ खर्ब ११ अर्ब ६६ करोड पुगेको छ। गत आवमा रु २० खर्ब ८१ अर्ब १५ करोड रहेको मुलुकको वैदेशिक व्यापार १५ दशमलव ८८ प्रतिशतले वृद्धि भई उक्त आकारमा पुगेको हो।

भन्सार विभागले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्क अनुसार गत आवमा समग्र वैदेशिक व्यापारमा वृद्धि भएजस्तै व्यापार घाटासमेत बढेको छ। अघिल्लो आवको तुलना व्यापार घाटा १६ दशमलव ६३ प्रतिशतले बढेको छ। गत आवमा मुलुकको व्यापार घाटा बढेर रु १७ खर्ब ८१ अर्ब आठ करोड पुगेकामा अघिल्लो आवमा यो रकम रु १५ खर्ब २७ अर्ब नौ करोड थियो।

विभागद्वारा सार्वजनिक विवरणअनुसार आव २०८१/८२ को तुलनामा गत आवमा आयात १६ दशमलव २० प्रतिशतले बढेको छ। अघिल्लो आवमा रु १८ खर्ब चार अर्ब १२ करोड बराबरको आयात भएकोमा गत आवमा रु २० खर्ब ९६ अर्ब ३७ करोड पुगेको छ।

त्यस्तै, अघिल्लो आवको तुलनामा गत आवमा निर्यात १३ दशमलव ८१ प्रतिशतले बढेको छ। अघिल्लो आवमा रु दुई खर्ब ७७ अर्ब तीन करोड बराबरको निर्यात भएकामा गत वर्ष रु तीन खर्ब १५ अर्ब २९ करोड बराबर पुगेको विभागले जनाएको छ।

आव २०८१/८२ मा कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ८६ दशमलव ६९ प्रतिशत रहेकामा यस्तो हिस्सा गत आवमा सामान्य बढेर ८६ दशमलव ९३ प्रतिशत पुगेको छ। त्यस्तै वैदेशिक व्यापारमा निर्यातको हिस्सा १३ दशमलव ३१ प्रतिशतबाट घटेर गत आवमा १३ दशमलव शून्य सात प्रतिशतमा सीमित भएको छ।

सार्वजनिक विवरणअनुसार नेपालको वैदेशिक व्यापारमा प्रमुख हिस्सा ओगट्ने पेट्रोलियम पदार्थमध्ये सबैभन्दा बढी डिजेल आयात भएको छ। गत आवमा रु एक खर्ब ७२ अर्ब ४२ करोड बराबरको डिजेल आयात भएको छ। त्यस्तै आयातमा भटमासको कच्चा तेल दोस्रोमा रहेको छ। जसअन्तर्गत रु एक खर्ब ३२ अर्ब ७६ करोड बराबर भटमासको कच्चा तेल आयात भएको छ।

यसैगरी, पेट्रोल रु ७७ अर्ब २६ करोड, एलपी ग्यास रु ६० अर्ब २८ करोड, फलाम तथा स्टिल उद्योगमा प्रयोग हुने अर्धप्रशोधित फलाम रु ५८ अर्ब ५२ करोडको तथा स्मार्टफोन रु ४८ अर्ब ६९ करोड बराबरको आयात भएको विभागले जनाएको छ।

त्यस्तै, गत आवमा नेपालबाट निर्यात भएका वस्तुमध्ये भटमासको तेल सबैभन्दा बढी रहेको छ। विभागद्वारा सार्वजनिक तथ्याङ्कअनुसार स्वदेशबाट रु एक खर्ब २८ अर्ब ७४ करोड बराबरको भटमासको तेल निर्यात भएको छ। यसैगरी अलैँची रु १२ अर्ब ६४ करोड, ऊनीको गलैँचा रु १० अर्ब ३८ करोड, सूर्यमुखी तेल रु आठ अर्ब ९४ करोड र जुटका काँचो कपडा रु सात अर्ब १४ करोड बराबरको निर्यात भएको तथ्याङ्कमा उल्लेख छ।

गत आवमा छिमेकी मुलुक भारतबाट मात्रै रु १२ खर्ब १० अर्ब ६० करोड बराबरको वस्तु आयात गरेको छ भने रु दुई खर्ब ५८ अर्ब ६५ करोड बराबरको निर्यात गरेको छ। यसअनुसार नेपालको व्यापार घाटा भारतसँग मात्रै रु नौ खर्ब ५१ अर्ब ९५ करोडभन्दा बढी रहेको देखिन्छ।

त्यस्तै, नेपालले चीनबाट रु चार खर्ब २५ अर्ब २४ करोड बराबरका वस्तु आयात गरेकामा रु एक अर्ब ८९ करोड बराबरको वस्तु मात्रै निर्यात गरेको छ। चीनसँगको नेपालको व्यापार घाटा रु चार खर्ब २३ अर्ब ३५ करोड बराबरको छ। सार्वजनिक विवरणअनुसार गत आवमा सबैभन्दा बढी वीरगञ्ज नाकाबाट रु नौ खर्ब ८६ अर्ब ४३ करोड अर्थात् कुल आयातको ४७ दशमलव शून्य पाँच प्रतिशत बराबरको वस्तु आयात भएको छ।

त्यस्तै, भैरहवा नाकाबाट रु तीन खर्ब चार अर्ब १७ करोड (१४ दशमलव ५१ प्रतिशत), विराटनगर नाकाबाट रु दुई खर्ब ४१ अर्ब ९६ करोड (११ दशमलव ५४ प्रतिशत) र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल नाकाबाट रु दुई खर्ब तीन अर्ब ५१ करोड (नौ दशमलव ७१ प्रतिशत) बराबरका वस्तु आयात भएका छन्।

निर्यातमा पनि वीरगञ्ज नाका अग्रस्थानमा छ। यहाँबाट रु एक खर्ब १४ अर्ब ८५ करोड अर्थात् कुल निर्यातको ३६ दशमलव ४३ प्रतिशत बराबरका वस्तु विदेश निर्यात भएको छ। त्यस्तै विराटनगर नाकाबाट रु ८८ अर्ब ७२ करोड (२८ दशमलव १४ प्रतिशत) र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल नाकाबाट रु ३७ अर्ब ९४ करोड (१२ दशमलव शून्य तीन प्रतिशत) बराबरका वस्तु निर्यात भएको विभागको तथ्याङ्कमा उल्लेख छ।

# हाइड्रोजन सवारीसम्बन्धी नीति बनाउन सरकारद्वारा सुझाव आह्वान

काठमाडौँ, ८ साउन (रासस)। सरकारले हाइड्रोजनमा आधारित सवारीसाधनको सुरक्षित, दिगो तथा प्रभावकारी विकास, सञ्चालन र नियमनका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने उद्देश्यका साथ सुझाव माग गरेको छ।

पूर्वाधार विकास मन्त्रालयले कानुनी तथा प्राविधिक आधार तयार पार्ने उद्देश्यले अन्तरराष्ट्रिय उत्कृष्ट अभ्यास, नियामक व्यवस्था, सुरक्षा मापदण्ड तथा दिशानिर्देश गर्ने र हाइड्रोजन प्रविधिमा रुपान्तरणको सम्भावना र आवश्यक जनशक्ति विकाससम्बन्धी सुझाव आमन्त्रण गरेको छ।

विश्वविद्यालय, अनुसन्धान संस्था, व्यावसायिक निकाय, उद्योग, विकास साझेदार, अन्तरराष्ट्रिय संस्था तथा सम्बन्धित सरोकारवालाले सुझाव दिन सक्नेछन्। यस्तै, आफ्नो अनुभव, अध्ययन, अनुसन्धान तथा व्यावहारिक अभ्यासका आधारमा लिखित सुझाव दिन सकिनेछ।

मन्त्रालयले हाइड्रोजनमा आधारित सवारीसाधनसम्बन्धी अन्तरराष्ट्रिय उत्कृष्ट अभ्यास तथा सिकाइ प्रस्तुत गर्न आग्रह गरेको छ। नीतिगत, कानुनी तथा नियामक व्यवस्था, उत्पादन भण्डारण, ढुवानी, वितरण, इन्धन भर्ने पूर्वाधार तथा सवारी सञ्चालनसँग सम्बन्धित सुरक्षा मापदण्ड एवं दिशानिर्देशन उपलब्ध गराउन सकिनेछ।

हाल सञ्चालनमा रहेका सवारीसाधनलाई हाइड्रोजन प्रविधिमा रुपान्तरण गर्ने सम्भावना, प्रविधिगत आवश्यकता, लागत, सुरक्षा तथा नियामक पक्षसम्बन्धी सुझाव उपलब्ध गराइदिन मन्त्रालयले सरोकारवालाई अनुरोध गरेको छ।

यस्तै, प्राविधिक जनशक्ति, नियामक निकाय, उद्धार तथा आपत्कालीन सेवासहित आवश्यक क्षमता अभिवृद्धि तथा जनशक्ति विकाससम्बन्धी सुझाव उपलब्ध गराउन सकिनेछ।

मन्त्रालयमा प्राप्त हुने सुझावलाई आवश्यक अध्ययन तथा विश्लेषणपश्चात् हाइड्रोजनमा आधारित सवारीसाधनसम्बन्धी नीति, कानुनी व्यवस्था, मापदण्ड तथा कार्यविधि तर्जुमा प्रक्रियामा आवश्यकताअनुसार उपयोग गरिने मन्त्रालयले स्पष्ट पारेको छ। पूर्वाधार मन्त्रालयले यही साउन २० गतेसम्म आवश्यक सुझावको अपेक्षा गरेको छ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले २०८० सालमा नै ग्रीन हाइड्रोजन नीति तयार पारेको थियो। विसं २०७७ बाटै काठमाडौँ विश्वविद्यालयले ग्रीन हाइड्रोजन प्रयोगशाला स्थापना गरी त्यसको आवश्यकता र सम्भावनाबारे अध्ययन गर्दै आएको छ।

आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको बुँदा नं २५७ मा 'नेपालको इन्धन र ऊर्जा उपभोग एवं यातायात र औद्योगिक क्षेत्रको समग्र विकासमा योगदान गर्न सक्नेगरी हाइड्रोजन ऊर्जाको व्यावसायिक उपयोग गर्न आवश्यक कार्यप्रारम्भ गरिनेछ' भन्ने उल्लेख थियो।

सोही बजेट वक्तव्यको बुँदा नं ३६ मा ग्रीन हाइड्रोजन र ग्रीन एमोनिया प्रविधि प्रयोग गरी रासायनिक मल कारखाना स्थापना गर्न लगानी बोर्डमार्फत कार्य अगाडि बढाउने विषय समावेश थियो। सोही व्यवस्थाका आधारमा ऊर्जा मन्त्रालयले ग्रीन हाइड्रोजन नीति तयार पारेको थियो।

# अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी उजुरी मेलमिलापबाट फछ्र्यौट

जनकपुरधाम, ८ साउन (रासस)। अनुचित लेनदेन (मिटर ब्याज)सम्बन्धी परेका उजुरीमध्ये हालसम्म एक हजार १८७ वटा गुनासो मेलमिलाप विधिबाट फछ्र्यौट भएको छ।

कुल दर्ता भएका पाँच हजार २५७ अभियोगमध्ये छलफल विधिबाट पीडितको पक्षमा सुनुवाइ भएको हो। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले सहमति नभएका ९३ मुद्दा अदालतमा पञ्जीकरण गरिएको जानकारी दिनुभयो।

छानबिनपछि सहमतिमा रु ३० करोड ८२ लाख ३७ हजार

बाँकी तीन पृष्ठमा

# औषधिको मूल्य समायोजन प्रक्रिया अघि बढाउँदै सरकार

काठमाडौँ, ८ साउन (रासस)।
क्यान्सर तथा अन्य केही गम्भीर रोगको उपचारमा प्रयोग हुने औषधिको बेलाबेलामा देखिने अभावलाई स्थायी रूपमा समाधान गर्न सरकारले आवश्यक प्रक्रिया अघि बढाएको छ।

कच्चा पदार्थको मूल्यमा हुने उतारचढावका कारण औषधि अभाव हुने समस्या समाधान गर्न औषधिको मूल्य समायोजनलगायत उपाय अवलम्बन गर्ने तयारी गरिएको हो।

गत साता औषधि व्यवस्था विभागकी निमित्त महानिर्देशक शिवानी खड्गीको अध्यक्षतामा बसेको मूल्य अनुगमन समितिको बैठकले अत्यावश्यक औषधिको अभाव हुन नदिन मूल्य समायोजनसहित आवश्यक नीतिगत सुधार अघि बढाउने निर्णय गरेको थियो।

निमित्त महानिर्देशक खड्गीका अनुसार विगत ११ वर्षदेखि औषधिको मूल्य समायोजन नभएका कारण केही औषधिको आपूर्तिमा समस्या देखिएको छ। उहाँका अनुसार केही औषधिको बजार मूल्य सरकारले तोकेको मूल्यभन्दा धेरै बढिसकेकाले उत्पादक तथा आयातकर्ताले पुरानै मूल्यमा बिक्री गर्न नसक्दा बजारमा अभाव सिर्जना भएको छ।

अर्कोतर्फ, केही औषधिको बजार मूल्य घटिसकेको भए पनि सरकारले निर्धारण गरेको मूल्य अझै उच्च रहेकाले ती औषधिको मूल्य घटाउनुपर्ने अवस्था पनि रहेको छ। मूल्य समायोजनसम्बन्धी मूल्य अनुगमन समितिको सिफारिस स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्रीको अध्यक्षतामा बस्ने औषधि परामर्श परिषद्मा पेस गरिने कानुनी व्यवस्था छ। परिषद्बाट स्वीकृत भएपछि प्रस्ताव मन्त्रिपरिषद्मा पठाइनेछ।

मन्त्रिपरिषद्ले अनुमोदन गरेपछि निर्णय नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आउनेछ। करिब दुई साताअघि बजारमा क्यान्सर उपचारमा प्रयोग हुने प्लाटिनम समूहका कार्बोप्लाटिन र सिस्प्लाटिनलगायत औषधि तथा सलाइनमार्फत दिइने केही इन्जेक्सन औषधिको अभाव देखिएको थियो। यसले उपचाररत बिरामीलाई आवश्यक औषधि सहज रूपमा उपलब्ध गराउन चुनौती सिर्जना गरेको थियो।

नेपालमा औषधिको मूल्य निर्धारण तथा समायोजन गर्दा भारतको नेशनल 'फार्मास्युटिकल प्राइसिङ अथोरिटी'ले निर्धारण गरेको सिलिङ मूल्यलाई आधार मान्ने अभ्यास रहँदै आएको छ। यसअघिका मूल्य निर्धारण प्रक्रियामा पनि यही आधार अपनाइएको थियो।

खड्गीले मूल्य समायोजनको प्रक्रिया कानुनी रूपमा अघि बढिरहे पनि तत्कालका लागि बजारमा औषधिको अभाव हुन नदिन सरकार औषधि उत्पादक, आयातकर्ता तथा व्यवसायीसँग निरन्तर संवादमा रहेको बताउनुभयो। उनीहरूका समस्या र अप्ठ्यारा सुनेर आवश्यक सहजीकरण गर्ने कामसमेत जारी रहेको उहाँको भनाइ छ।

## अतिक्रमित जग्गा खोज्दै गुठी संस्थान

जनकपुरधाम, ८ साउन (रासस)।
गुठी र गुठी संस्थानका अतिक्रमित जग्गाको खोजी सुरु भएको छ।

भूमि अतिक्रमणमा सङ्घीय सरकारको चासो बढेपछि संस्थानले जग्गाको लगत सङ्कलन र अतिक्रमित जग्गा खाली गराउने प्रक्रिया प्रारम्भ गरेको हो।

गुठी संस्थानले मठमन्दिर र पोखरी अतिक्रमण गरी भौतिक संरचना बनाएर बसेकाहरुलाई जग्गा खाली गर्न सूचना जारी गरेको छ।

गुठी जग्गाको मालिक सम्बन्धित गुठी वा गुठी संथान हो, र गुठी जग्गालाई रैतानी गर्ने प्रक्रिया संविधानसँग बाझिएको भन्दै अदालतले विसं २०६४ माघ १० गतेको फैसलाबाट रोक लगाएको छ।

गुठी जग्गा कमाउनेले स्वतः मोहियानी हक नपाउने सर्वोच्च अदालतको फैसलामा उल्लेख छ।

संस्थानका प्रशासन प्रमुख ध्रुव घिमिरेको संयोजकत्वमा गठित कार्यदलले जनकपुरधामस्थित गुठी र गुठी संस्थानका जग्गा सात दिनभित्र हटाउन सार्वजनिक सूचना जारी गरेको छ।

जनकपुरधाममा गुठी संस्थानका ४९ वटा पोखरी छन्। सात वटा पोखरीको लगत सङ्कलन कार्य अन्तिम चरणमा पुगेको छ भने पाँच वटा पोखरी लोप भइसकेको गुठी संस्थान जनकपुरधामका प्रमुख किशोरकुमार झाले जानकारी दिनुभयो।

पोखरी पुरेर बस्ती, होटल, अस्पताल, व्यापारिक प्रतिष्ठान र कलेज निर्माण गरिएको उहाँले बताउनुभयो। गुठी संस्थानसँग जग्गाको अद्यावधिक अभिलेख नरहेकाले अतिक्रमणको वास्तविक अवस्था अझै स्पष्ट हुन सकेको छैन।

जनकपुरधाममा गुठी संस्थानका करिब २२ देखि २५ बिघा जग्गा अतिक्रमणमा परेको हुन सक्ने अनुमान गरिएको छ। प्रमुख झाका अनुसार रत्न सागरमा करिब नौ बिघा र बेलाकुट्टीमा करिब चार बिघा भन्दा बढी जग्गा अतिक्रमणमा परेको अनुमान छ।

***अनुचित लेनदेन ...***

९२ र २७ बिघा आठ कठ्ठा १८ धुर जग्गा फिर्ता भएको छ। थोरै रकम दिएको तर, धेरै रकमको कपाली तमसुक गरिएकाले दोब्बर तेब्बरसम्म चेक धितो राख्ने प्रवृति रहेको छानबिनका क्रममा भेटिएको बताइन्छ।

जनशक्तिको कमीले पहिले दर्ता भएका गुनासो टुङ्गो नलागेकाले जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका उजुरीमा कारबाही प्रक्रिया अघि नबढेको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले बताउनुभयो।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

## पाँच हजार अमेरिकी डलर बराबरको रकम भन्सार घोषणा नगरी ल्याउन पाइने

काठमाडौँ, ८ साउन (रासस)।
नेपाल राष्ट्र बैंक विदेशी विनिमय व्यवस्थापन विभागले नेपाली वा विदेशी नागरिकले पाँच हजार अमेरिकी डलर बराबरको भन्सार घोषणाबिनै नेपालमा ल्याउन पाइने जनाएको छ।

राष्ट्र बैंकले बिहीबार सार्वजनिक सूचना जारी गरेर पाँच हजार डलर बराबरको अमेरिकी मुद्रा र पाँच हजार अमेरिकी डलर बराबर हुन आउने भारतीय रुपैयाँ पनि भन्सार घोषणाबिनै नेपालमा भित्र्याउन सकिने जनाएको हो। पाँच हजार अमेरिकी डलरभन्दा बढी मुद्रा ल्याउँदा अनिवार्य रूपमा भन्सार घोषणा गरेर मात्रै ल्याउनुपर्ने राष्ट्र बैंकद्वारा जारी सूचनामा उल्लेख गरिएको छ।

यसैबीच, नेपाल राष्ट्र बैंकले सन् २०१६ नोभेम्बर ९ तारिखदेखि निष्कासन भई चलनचल्तीमा रहेका भारु २०० र भारु ५०० का नोट नेपाली वा भारतीय नागरिकले प्रतिव्यक्ति भारतीय रुपैयाँ २५ हजारको सीमासम्म प्रचलित व्यवस्थाबमोजिम ल्याउन/लैजान तथा सटही गर्न सकिने व्यवस्था गरेको छ।

नेपाली नागरिकले भारतबाहेक अन्य मुलुकमा भारतीय रुपैयाँ लैजान वा अन्य मुलुकबाट भारतीय रुपैयाँ नेपाल ल्याउन नपाउने व्यवस्था रहेको जनाएको छ। राष्ट्र बैंकले सन् सन् २०१६ नोभेम्बर ९ तारिखभन्दा अगाडि चलनचल्तीमा रहेका भारतीय रुपैयाँ ५०० र एक हजार दरका नोटको कारोबार गर्न नपाइने व्यवस्था कायमै रहेको जनाएको छ।

## तीन महिनामा सात हजार फरार प्रतिवादी पक्राउ

काठमाडौँ, ८ साउन (रासस)।
गत वैशाखदेखि असार मसान्तसम्म देशभरबाट विभिन्न मुद्दाका सात हजार २५१ फरार प्रतिवादीलाई पक्राउ परेका छन्।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार केन्द्रीय अनुसन्धान ब्युरोबाट ४८, काठमाडौँ उपत्यका प्रहरी कार्यालयबाट एक हजार २३२, कोशी प्रदेशबाट ९६०, मधेसबाट दुई हजार ११७, बागमतीबाट ७६०, गण्डकीबाट ४५२, लुम्बिनीबाट एक हजार १८१, कर्णालीबाट १८७ र सुदूरपश्चिमबाट ३१४ जना पक्राउ परेका छन्।

सो अवधिमा पक्राउ परेका प्रतिवादीलाई तोकिएको दुई हजार ९३६ वर्ष चार महिना २५ दिन कैद सजाय कार्यान्वयनमा आएको छ। साथै उनीहरूबाट रु ७२ करोड ४७ लाख १२ हजार जरिवाना असुल उपर गरिएको छ। फैसला कार्यान्वयन तथा फरार अभियुक्त पक्राउ कार्यलाई उच्च प्राथमिकतामा राखिएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो।

कर्तव्य ज्यान, लागुऔषध, जबर्जस्ती करणी, बैंकिङ कसुर, ठगीलगायत मुद्दामा फैसला ठहर भई फरार रहेका प्रतिवादी पक्राउ गर्न विशेष अभियान सञ्चालन गरिएको उहाँले बताउनुभयो।

## विश्व समाचार

### अमेरिका-इरान तनाव उत्कर्षमा

दुबई, ८ साउन (रासस/एएफपी)।
अमेरिका र इरानबीच जारी सैन्य तनाव शुक्रबार थप चर्किएको छ। अमेरिकी हवाई आक्रमण निरन्तर जारी रहँदा इरानले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको इरानी सम्पत्ति जफत गर्ने चेतावनीलाई उक्साहटपूर्ण कदमको संज्ञा दिएको छ। यसैबीच कुवेतमा मिसाइल र ड्रोन आक्रमण, हुथी विद्रोहीको गतिविधि, संयुक्त राष्ट्रसङ्घको चेतावनी तथा अन्तर्राष्ट्रिय तेल मूल्यमा तीव्र वृद्धि भएपछि क्षेत्रीय सुरक्षा अवस्था थप जटिल बनेको छ। अमेरिकी सेनाले लगातार १३औँ रात इरानका सैन्य लक्ष्यमाथि आक्रमण गरेको जनाएको छ। अमेरिकी पक्षका अनुसार जलमार्गमा आक्रमण गर्न सक्ने इरानी सैन्य क्षमतामा कमी ल्याउने उद्देश्यले ती कारबाही गरिएको हो। इरानी सरकारी सञ्चारमाध्यमहरूले अमेरिकी क्षेप्यास्त्रले इराक सीमास्थित अहवाज, बन्दर अब्बास र ओमिदियाह क्षेत्रमा विस्फोट गराएको जनाएका छन्। तस्निम समाचार संस्थाले हर्मुज जलघाँटीस्थित केशम टापुको सुजा क्षेत्रनजिक पनि अमेरिकी क्षेप्यास्त्र प्रहार भएको जनाएको छ। यसअघि राष्ट्रपति ट्रम्पले अमेरिकाले नियन्त्रणमा राखेका इरानी सम्पत्तिबाट अमेरिकी जहाज, मालवाहक तथा सम्बन्धित सम्पत्तिमा भएको क्षतिको भरपाई असुल्ने चेतावनी दिनुभएको थियो। त्यसप्रति प्रतिक्रिया जनाउँदै तेहरानले उक्त अभिव्यक्तिलाई भड्काउने प्रकृतिको उदाहरण भएको जनाएको छ। क्षेत्रीय तनावका बीच कुवेतले पनि इरानतर्फबाट आएको भन्दै मिसाइल र ड्रोन आक्रमण अवरोध गरेको जनाएको छ। इराक सीमास्थित क्षेत्रमा नयाँ ड्रोन आक्रमणको खबर आएको केही घण्टापछि कुवेती हवाई प्रतिरक्षा प्रणाली सक्रिय भएको थियो। कुवेती सेनाका अनुसार शत्रुतापूर्ण मिसाइल र ड्रोनहरूलाई रोकेर निष्क्रिय पारिएको छ। अमेरिकी आन्तरिक राजनीतिमा पनि इरान नीति विवादको विषय बनेको छ। अमेरिकी प्रतिनिधिसभाले राष्ट्रपति ट्रम्पलाई इरानविरुद्धको सैन्य कारबाही रोक्न आग्रह गर्दै प्रतीकात्मक प्रस्ताव पारित गरेको छ। प्रस्तावमा अमेरिकी कङ्ग्रेसको स्पष्ट स्वीकृतिबिना इरानविरुद्ध युद्धसम्बन्धी गतिविधि अघि नबढाउन आग्रह गरिएको छ।

यमनका हुथी विद्रोहीहरूले लाल सागरमा तेल ट्याङ्करमाथि आक्रमण जारी राखेपछि युरोपेली मुलुकहरूले त्यसको कडा आलोचना गरेका छन्। जर्मनीले यसले द्वन्द्व अझ बढाउने चेतावनी दिएको छ भने बेलायतले हुथीहरूको कदमलाई लापरवाहपूर्ण भनेको छ। युरोपेली सङ्घ (इयु) की शीर्ष कूटनीतिज्ञ काजा कालासले ती आक्रमण अस्वीकार्य र अवैध भएको बताउनुभएको छ। हुथी आक्रमणपछि राष्ट्रपति ट्रम्पले विद्रोही समूहलाई थप आक्रमण गरे ठूलो सैन्य कारबाहीको सामना गर्नुपर्ने चेतावनी दिनुभएको छ। उहाँले हुथीहरूलाई इरानको प्रतिनिधि समूह भन्दै त्यसको जिम्मेवारी इरानले पनि वहन गर्नुपर्ने बताउनुभएको छ। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले मध्यपूर्वको अवस्था नियन्त्रणबाहिर जान थालेको चेतावनी दिनुभएको छ। उहाँले विश्व अहिले अत्यन्तै खतरनाक मोडमा पुगेको उल्लेख गर्दै तत्काल तनाव कम गर्न सबै पक्षलाई आग्रह गर्नुभएको छ। युद्धको प्रभाव अन्तर्राष्ट्रिय ऊर्जा बजारमा पनि देखिएको छ। लाल सागरमा तेल ट्याङ्करमाथिको आक्रमणपछि ब्रेन्ट कच्चा तेलको मूल्य आठ प्रतिशतभन्दा बढी बढेर प्रतिब्यारेल १०१.९३ अमेरिकी डलर पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियट (डब्लुटीआई) ७.६ प्रतिशतले वृद्धि भई प्रतिब्यारेल ९३.४४ अमेरिकी डलर पुगेको छ। यसैबीच बेलायतले सुरक्षा अवस्थालाई ध्यानमा राख्दै इरानमा रहेका आफ्ना बाँकी कूटनीतिक कर्मचारीलाई अस्थायी रूपमा फिर्ता बोलाएको छ। बेलायती विदेश मन्त्रालयले तेहरानस्थित दूतावासले अहिले टाढाबाट सेवा सञ्चालन गरिरहेको जनाएको छ।

### इबोला प्रकोपले बढायो विश्व चिन्ता

अबुजा, ८ साउन (रासस/एपी)।
कङ्गोमा फैलिएको इबोला प्रकोपले दुई महिनाभन्दा केही बढी अवधिमै एक हजारभन्दा बढी मानिसको ज्यान लिएको छ। यो गति सन् २०१४-२०१६ को इतिहासकै सबैभन्दा भीषण इबोला महामारीको तुलनामा झण्डै तीन गुणा तीव्र रहेको तथ्याङ्कले देखाएको छ र यसले स्वास्थ्य अधिकारीहरूलाई थप चिन्तित बनाएको छ। कङ्गोको स्वास्थ्य मन्त्रालयका अनुसार मङ्गलबारसम्म हालको प्रकोपमा दुई हजार ५३६ जना सङ्क्रमित पुष्टि भएका छन् भने एक हजार ३३ जनाको मृत्यु भइसकेको छ। यो प्रकोप गत मे १५ मा औपचारिक रूपमा घोषणा गरिएको थियो। सन् २०१४-२०१६ को महामारीमा २८ हजारभन्दा बढी सङ्क्रमण र ११ हजारभन्दा बढी मृत्यु भएका थिए। त्यसबेला पहिलो सङ्क्रमण देखिएदेखि एक हजार जनाको मृत्यु हुन करिब आठ महिना लागेको थियो। तर यस वर्षको प्रकोपमा त्यही सङ्ख्या दुई महिनाभन्दा केही बढी अवधिमै पुगेको छ। त्यस्तै, दुई हजार ५०० सङ्क्रमितको आँकडा पनि अघिल्लो महामारीको तुलनामा करिब तीन गुणा छिटो पुगेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार इबोला रोग इबोला भाइरस समूहका विभिन्न प्रकारका भाइरसबाट फैलिन्छ। तीमध्ये इबोला भाइरस, सुडान भाइरस र बुन्डिबुग्यो भाइरसले ठूला प्रकोप निम्त्याउने गरेका छन्। यस वर्षको प्रकोप बुन्डिबुग्यो भाइरसका कारण फैलिएको हो। यो दुर्लभ प्रकारको भाइरस भएकाले यसको स्वीकृत खोप वा प्रभावकारी उपचार उपलब्ध छैन। सन् २०१४-२०१६ को महामारी भने सबैभन्दा सामान्य मानिने इबोला भाइरसका कारण फैलिएको थियो। हालको प्रकोप मुख्य रूपमा कङ्गोमै सीमित रहेको छ। केही सङ्क्रमण युगान्डामा देखिए पनि अधिकांश प्रभावित क्षेत्र युगान्डा सीमावर्ती पूर्वी कङ्गोका पाँच प्रान्तमा केन्द्रित छन्। यसको विपरीत, सन् २०१४-२०१६ को महामारी लाइबेरिया, सियरा लियोन र गिनीसहित पश्चिम अफ्रिकाका धेरै मुलुकमा फैलिएको थियो। त्यसबेला संयुक्त राज्य अमेरिका र युरोपमा पनि सीमित सङ्ख्यामा सङ्क्रमण पुष्टि भएका थिए।

यस वर्षको प्रकोपमा हालसम्म करिब ४० प्रतिशत मृत्युदर रहेको छ। स्वास्थ्य अधिकारीहरूका अनुसार अधिकांश बिरामीले लक्षण देखिएपछि ढिलो स्वास्थ्य संस्थामा पुगेका कारण मृत्यु बढेको हो। अघिल्लो महामारीमा भने मृत्युदर करिब ६६ प्रतिशत पुगेको थियो। अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सिडिसी) का अनुसार इबोला भाइरस समूहका भाइरसमध्ये इबोला भाइरस सबैभन्दा घातक मानिन्छ। उपचार नपाएमा यसबाट सङ्क्रमितमध्ये ९० प्रतिशतसम्मको मृत्यु हुन सक्ने जोखिम रहने उल्लेख गरिएको छ। स्वास्थ्य अधिकारीहरूले हालको प्रकोप अझै चरम अवस्थामा नपुगेको चेतावनी दिएका छन्। उनीहरूका अनुसार पहिलो सङ्क्रमितको स्रोत अझै पहिचान हुन सकेको छैन। अधिकांश नयाँ सङ्क्रमित पहिलेदेखि निगरानीमा रहेका सम्पर्क सूचीभन्दा बाहिरबाट भेटिनु, साथै भाइरसको प्रकार पहिचानमा भएको ढिलाइले प्रकोप नियन्त्रणलाई अझ चुनौतीपूर्ण बनाएको छ। सन् २०१४-२०१६ को इबोला महामारी करिब तीन वर्षसम्म चलेको थियो। पहिलो सङ्क्रमण डिसेम्बर २०१३ मा देखिए पनि मार्च २०१४ मा मात्र प्रकोप पुष्टि भएको थियो र त्यसलाई जुन २०१६ मा समाप्त भएको घोषणा गरिएको थियो।

# बोरिङ जडान भएपनि स्थानीय अझै स्वच्छ खानेपानीबाट बञ्चित



**दैनिक समाचारदाता राजविराज, ८ साउन ।**

सप्तरीको रुपनी गाउँपालिका १ रायपुरस्थित रामजानकी मन्दिर परिसरमा करिब एक महिनाअघि समर्सियल बोरिङ जडान गरियो । तर, अहिले त्यही बोरिङबाट सफा पानीको सट्टा फोहोर पानी आउन थालेको छ ।

गत वर्षको सुख्खायाममा त्यहाका बासिन्दाले एक बाल्टिन स्वच्छ खानेपानीका लागि घण्टौं कुर्नुपर्थ्यो ।ख्स अधिकांश ट्युबवेल सुक्दा नेपाली सेनाको दमकलबाट पानी वितरण गर्नुपर्ने अवस्था आएको थियो । सोही समस्या दोहोरिन नदिन समर्सियल बोरिङ जडान गर्दा पनि हाल स्थानीय स्वच्छ खानेपानीबाट बञ्चित नै रहेका छन् ।

रुपनी गाउँपालिका र वडा कार्यालयको पहलमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय राजविराजले गत असार महिनामा बोरिङ जडान गरेको थियो । तर, बोरिङ सञ्चालन भएको एक महिना पनि बितेको छैन । सो बोरिङबाट धमिलो र फोहोर पानी आउन थालेपछि स्थानीयमा निराशा छाएको छ ।

रुपनी गाउँपालिका १ का पूर्व वडाध्यक्ष पिताम्बर यादवका अनुसार सर्वसाधारणलाई सहज रुपमा स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्यले बोरिङ जडान गरिए पनि अहिले त्यसबाट फोहोर पानी निस्किरहेकाले स्थानीयले प्रयोग गर्न सकेका छैनन् ।

वर्तमान वडा अध्यक्ष लिला यादवले फोहोर पानी आउने समस्याबारे खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयलाई जानकारी गराइसकिएको बताउदै प्राविधिक टोलीबाट छिट्टै निरीक्षण गरी आवश्यक मर्मत गरिने आश्वासन प्राप्त भएको बताइन् ।

रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले गत वर्षको सुख्खायाममा रायपुरमा खानेपानीको चरम अभाव भएको स्मरण गर्दै यस वर्ष त्यस्तो अवस्था दोहोरिन नदिन बोरिङ जडान गरिएको बताए । उनले स्थानीयको आधारभूत आवश्यकतालाई ध्यानमा राखेर योजना अघि बढाइएको भए पनि अहिले देखिएको प्राविधिक समस्या सम्बन्धित निकायले तत्काल समाधान गर्नुपर्नेमा जोड दिए ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख विश्वनाथ प्रसाद यादवले बोरिङ निर्माणका लागि १० लाख रुपैयाँ बजेट विनियोजन गरिएकोमा करिब ७ लाख रुपैयाँ खर्च भएको जानकारी दिए ।

फोहोर पानी आउने विषयमा जानकारी प्राप्त भएको उल्लेख गर्दै उनले प्राविधिक टोली खटाएर समस्या समाधान गरिने आश्वासन दिए ।

# ‘अनलाइन’ सट्टेबाजीका दुई लाख ‘एप’ बन्द

काठमाडौँ, ८ साउन (रासस) ।

नेपाल दूरसञ्चार प्राधिकरणले ‘अनलाइन’ सट्टेबाजी (बेटिङ) र अवैधानिक वित्तीय कारोबार हुने दुई लाखभन्दा धेरै ‘वेबसाइट’ तथा ‘एप’ बन्द गरेको छ ।

सरकारले गत चैत १३ मा जारी गरेको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा अनलाइन सट्टेबाजी र ठगी (स्क्यामिङ) रोकथामको विषय समेटेको थियो । कार्यसूचीको ४२ औँ बुँदामा भनिएको छ, ‘सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सट्टेबाजी एप र त्यससम्बन्धी वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने ।’

सोही निर्णयअनुसार त्यतिखेर मुलुकमा सञ्चालित सबै सट्टेबाजी वेबसाइट बन्द गरिएका थिए । ती वेबसाइट बन्द भएपछि पनि नयाँ नाममा खुल्ने क्रम जारी रहन्छ । यो वर्षको फिफा विश्वकप आयोजना भएयता फेरि दुई लाख २३ हजार ५६८ त्यस्ता एप तथा वेबसाइट बन्द गरिएको प्राधिकरणले जनाएको छ ।

विश्वकपका बेला यस्ता बेटिङ एपको प्रयोग बढ्नसक्ने भन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पनि यसमा विशेष चासो देखाएपछि प्राधिकरणले तदारुकताका साथ कारबाही अगाडि बढाएको हो । प्राधिकरणले यसका लागि छुट्टै कार्यदल पनि गठन गरेको छ ।

कार्यदलका सदस्य प्राधिकरणका सहायक निर्देशक तथा इन्जिनियर ओमप्रकाश महतोका अनुसार विश्वकप सुरु भएपछि इन्टरनेट सेवा प्रदायक ( आइएसपी)का प्रतिनिधिहरुलाई प्राधिकरणमै राखेर त्यस्ता वेबसाइट बन्द गरिएको थियो ।

आइएसपीसँगको सहकार्यमा त्यस्ता वेबसाइट चल्ने युआरएललाई ‘ब्लक’ गरिने सहायक निर्देशक महतोले बताउनुभयो । उहाँका अनुसार यति धेरै वेबसाइट एकएक गरेर खोज्न कठिन हुने भएको अधिकार प्रदत्त विभिन्न संस्था तथा निकायले पहिचान गरेर राखेका त्यस्ता बेटिङ ‘साइट’ तथा अवैधानिक वित्तीय कारोबार हुने वेबसाइटहरुलाई आइएसपीसँगको सहकार्यमा बन्द गरिन्छ ।

उहाँका अनुसार एउटा बन्द गर्दा अर्को नयाँ वेबसाइट खुलिरहने चुनौती हुन्छ । यस्तो अवस्थामा जति नयाँ खुल्दै जान्छन् त्यतिलाई बन्द गर्दै जानुपर्छ । यसका लागि ‘थ्रेड इन्टिलिजेन्स टुल’ प्रयोग गरेर ‘हन्टिङ’ गर्ने गरिन्छ । यसका लागि पनि छुट्टै जनशक्तिको व्यवस्था गरिएको छ ।

प्राधिकरणले अवैधानिक वेबसाइटबारे थाहा भए नष्तजगद।अफरल्त्व(इए: लिङ्कमा ‘अपडेट’ गराउन सकिने जनाएको छ ।

## खुकुरी प्रहारबाट ...

भई हाल गुजरा नगरपालिका ५ हरिहरपुरमा बस्दै आएका अन्दाजी ३५ वर्षीय उपेन्द्र साह कलवारले रेनुदेवीमाथि खुकुरी प्रहार गरेका हुन् ।

घटनापछि आक्रोशित स्थानीयवासीले उपेन्द्रमाथि कुटपिट गरेका थिए । गम्भीर घाइते भएका उनलाई उपचारका लागि चन्द्रपुर अस्पताल चन्द्रनिगाहपुर पठाइएको प्रहरीले जनाएको छ ।

घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय लक्ष्मिनियाबाट इन्स्पेक्टर रादेश कुमार खत्रीको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो । हाल घटनास्थलमा कानुनी प्रक्रिया पूरा गर्ने कार्य भइरहेको तथा घटनाबारे थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# नेपाली किसानको रिहाइको पहल गर्न कांग्रेसको आग्रह

काठमाडौँ, ८ साउन (रासस) ।

नेपाली कांग्रेसले भारतको विहारस्थित जेलमा रहेका सर्लाहीका दुई नेपाली किसानको शीघ्र रिहाइका लागि कूटनीतिक पहल गर्न सरकारसँग माग गरेको छ ।

सो पार्टीका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालद्वारा जारी विज्ञप्तिमा सर्लाहीको बलरा नगरपालिकाका सुरेशप्रसाद सिंह र नागेन्द्रप्रसाद सिंह सीमावर्ती भारतीय बजारमा रासायनिक मल खरिद गरी फर्किने क्रममा पक्राउ परेको उल्लेख छ ।

कांग्रेसले आफ्नो खेतीका लागि मल ल्याउने क्रममा पक्राउ परेका किसानको रिहाइका लागि सरकारले तत्काल पहल गर्न आग्रह गरेको छ । मानवीय आधारमा उनीहरूको अविलम्ब रिहाइ गरिदिन कांग्रेसले अनुरोध गरेको छ ।

विज्ञप्तिमा नेपाल-भारतबीचको ऐतिहासिक सम्बन्ध, खुला सीमा र दुई देशका नागरिकबीचको आत्मीयतालाई ध्यानमा राखी यस्ता संवेदनशील विषयमा तत्काल समाधान निकाल्न आग्रह गरिएको छ ।


## सप्तरी उद्योग वाणिज्य संघ
(SAPTARI CHAMBER OF COMMERCE & INDUSTRY)
Rajbiraj, Saptari, Nepal
(नेपाल उद्योग वाणिज्य महासंघवाट स्वीकृत)
स्थापित: २०१३ साल

पत्र संख्या :०८३।०८४
चलानी नं. :
मिति: २०८३।०४।०७

बिषय : **सदस्यता नविकरण सम्वन्धी सूचना ।**

सप्तरी उद्योग वाणिज्य संघको १२ औं वार्षिक साधारण सभा तथा अधिवेशन मिति २०८३ साल असोज ०३ गते शनिवारका दिन जिल्लाको बोदेवर्साईन नगरपालिका अन्तर्गत बोदेवर्साईन बजारमा हुन गई रहेको व्यहोरा सबैमा सहर्ष जानकारी गराउदछौ ।

आर्थिक वर्ष २०८३।०८४ सम्मको सदस्यता नविकरण भएका सदस्य माहनुभावहरु मात्र साधारण सभामा तथा अधिवेशनमा सहभागिताका लागि योग्य मानिने हुँदा सम्पुर्ण सदस्यहरुमा यो सूचना प्रकाशित भएको मिति बाट ३५ (पैतिस) दिन वा मिति २०८३।०५।१५ भित्र आ-आफनो सदस्यता नविकरण गराउनु हुन यो सुचना प्रकाशित गरीएको छ ।

भवदिय
(अमृत कुमार संचेति)
महासचिव
महा-सचिव
सप्तरी उद्योग वाणिज्य संघ


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*